बेलबारी नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
बेलबारी, मोरङ
१ नं. प्रदेश, नेपाल

# Electronic Goods खरिद कार्यको शिलबन्दी बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति: २०७६।०७।०२

यस कार्यालयको प्रयोजनको लागि कम्प्युटर, प्रिन्टर र कम्प्युटर सर्भर आवश्यक भएकोले सो खरिद कार्य सिलबन्दी दरभाउपत्रद्वारा खरिद गर्नुपर्ने भएको हुँदा नेपाल सरकारबाट इजाजत प्राप्त उत्पादक कम्पनी/अधिकृत बिक्रेताबाट निम्न शर्तहरुको अधिनमा रही रीतपुर्वक शिलबन्दी दरभाउपत्र आव्हान गरिएको व्यहोरा इच्छुक सम्बन्धित सबैलाई यो सार्वजनिक सूचना प्रकाशित गरिएकोछ ।

शर्तहरु

१) बोलपत्र फारम सुचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र चालु आ.व. का लागि नविकरण भएको ईजाजतपत्र, आयकर र मु.अ. कर दर्ता तथा आ.व.२०७५/०७६ सम्मको कर चुक्ता भएको प्रमाणपत्रको प्रतिलिपि वा सम्बन्धित निकायबाट म्याद थपको कागज संलग्न राखी लिखित निवेदनका साथ तल उल्लेखित दस्तुर (फिर्ता नहुने गरी) तिरी इच्छुक बोलपत्र दाताले यस कार्यालयबाट मिति २०७६ कार्तिक १६ गते कार्यालय समय सम्म बोलपत्र कागजात खरिद गर्न सकिनेछ ।

२) खरिद भएको बोलपत्र फाराम सिलवन्दी गरी खाम बाहिर आफनो फर्मको नाम, ठेगाना, ठेक्का नं र सम्पर्क नम्वर स्पष्ट उल्लेख गरी यस कार्यालयमा मिति २०७६ कार्तिक १७ गते दिनको १२ बजे भित्र दर्ता गरी सक्नुपर्नेछ ।

३) खरिद भएको बोलपत्र प्रथम पटक प्रकाशित मितिले मिति २०७६ कार्तिक १७ गते २:०० बजे उपस्थित बोलपत्रदाता वा निजका प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । बोलपत्रदाताहरु वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

४) बोलपत्र खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन बिदा परेमा लगतै कार्यालय खुलेको दिन सोही अनुसार हुनेछ ।

५) तपशिलमा उल्लेखित धरौटी बापतको रकम बेलबारी नगरपालिकाको कार्यालयको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंक, बेलबारी शाखा रहेको धरौटी खाता नं. २४३०३०३००७१०३ मा नगदै जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गको कुनै पनि वाणिज्य बैंकबाट जारी गरिएको कम्तिमा १२० दिन सम्म मान्य भएको बोलपत्र जमानत पेश गर्नु पर्नेछ ।

६) म्याद नाघि आएको रीत नपुगेको वा शर्त राखि पेश भएको बोलपत्र मान्य हुने छैन ।

७) बोलपत्रदाताबाट बोलपत्रमा उल्लेखित मूल्य अभिवृद्धि कर (VAT) बाहेकको दररेट उल्लेख गर्नुपर्नेछ । सो दर रेटमा अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । केरमेट भएकोमा केरमेट भएको ठाउंमा सहिछाप भएको हुनुपर्नेछ ।

८) यस कार्यालयको हितलाई ध्यानमा राखि बोलपत्र स्विकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने सबै अधिकार यस कार्यालयमा सुरक्षित हुनेछ ।

९) बोलपत्र स्वीकृत भएपछि कबोल ठेक्का अंकको ३ प्रतिशतले हुन आउने रकम बराबरको नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा कम्तीमा १ वर्ष म्याद भएको मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको कार्य जमानत पत्र (परफरमेन्स वण्ड) अनिवार्य पेश गर्नुपर्नेछ ।

१०) बोलपत्र सम्बन्धी कुनै कुरा बुझ्नु परेमा कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

११) यस सूचनामा उल्लेख नभएको अन्य विषय प्रचलित ऐन, नियमानुसार हुनेछ ।

१२) बोलपत्र स्वीकृत भई सम्झौता भएपछि यस कार्यालयमा सम्झौता गरेको १५ दिन भित्र सामान उपलब्ध गराउनु पर्ने छ । स्वीकृत फर्म वा सप्लायर्सले म्याद भित्र सामान उपलब्ध नगराएमा धरौटी जफत गरी कार्यालयबाट अर्को व्यवस्था मिलाइने छ ।

१३) बोलपत्र दाताले नेपाल सरकारको कानून बमोजिम लाग्ने कर भन्सार शुल्क स्वयंले तिर्नु पर्नेछ । यस कार्यालयबाट कर छुटको लागि कुनै सिफारिस गर्ने छैन ।

१४) र अन्य जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

१५) शिलबन्दी बोलपत्रको कामको विवरण निम्न अनुसार छ ।

| ठेक्का नं | कामको विवरण (खरिद गर्ने सामाग्री) | आवश्यक संख्या | धरौटी रकम रु. | बोलपत्र फारम दस्तुर (फिर्ता नहुने गरी) रु |
|---|---|---|---|---|
| BM/MOR/G/NCB-03-2076/2077 | Electronic Goods | १५ थान कम्प्युटर, ६ थान प्रिन्टर, १ थान सर्भर कम्प्युटर | ३ प्रतिशत | ३०००।० |

प्रमुख प्रसाशकिय अधिकृत

प्रदिप शाह
प्रमुख प्रशासकीय अधिकृत

बेलवारी नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
बेलवारी, मोरङ
१ न.प्रदेश, नेपाल

प.सं. : ०७६।०७७

मिति : २०७६।०७।०८

विषय : भूलसुधार सच्याइएको सम्बन्धमा ।

प्रस्तुत विषयमा, यस कार्यलयबाट मिति २०७६।०७।०२ गते नागरीक राष्ट्रिय दैनिक पत्रीकामा प्रकाशीत शिलबन्दी बोलपत्र तथा दरभाउपत्र आव्हानको सूचनामा तपशील बमोजीम भूलसुधार सच्याइएको जानकारी साथ अनुरोध छ ।

१) सूचनाको बुदा ५ मा तपशिलमा उल्लेखित धरौटी वापतको रकम बेलबारी नगरपालिकाको कार्यालयको नाममा रहेको राष्ट्रिय बाणिज्य बैाक, बेलबारी शाखा रहेको धरौटी खाता नं. २४३०३०३००७१०३ मा नगदै जम्मा गरेको सक्कल भौचर वा यस कार्यालयको नाममा नेपाल राष्ट्र बौकबाट मान्यता प्राप्त क वर्गको कुनै पनि वाणिज्य बैकबाट जारी गरिएको कम्तिमा ७५ दिन सम्म मान्य भएको शिलबन्दी दरभाउपत्र जमानत पेश गर्नु पर्नेछ हुनुपर्नेमा १२० दिनसम्म मान्य भएको शिलबन्दी दरभाउपत्र जमानत पेश गर्नु पर्नेछ भएकोमा भूलसुधार सच्याइएको छ ।

२) सूचनाको बुदा नं. ९ मा तपशिलमा उल्लेखित बोलपत्र स्वीकृत भएपछि कबोल ठेक्का अंकको ५ प्रतिशतले हुन आउने रकम बराबरको नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा कम्तीमा १ वर्ष म्याद भएको मान्यता प्राप्त बाणिज्य बैकबाट यस कार्यालयको नाममा जारी गरिएको कार्य जमानत पत्र ( परफरमेन्स वण्ड) अनिवार्य पेश गर्नुपर्नेछ हुनुपर्नेमा ३ प्रतिशत भएकोमा भूलसुधार सच्याइएको छ ।

३) सूचनाको बुदा नं. १५ मा शिलबन्दी बोलपत्र कामको विवरणमा धरौटी रकम रु भएकोमा शिलबन्दी दरभाउपत्र जमानत रकम भनी सच्याइएको र बोलपत्र फारम दस्तुर फिर्ता नहुने गरी रु १००० हुनुपर्नेमा ३००० भएकोले कामको विवरण निम्नानुसार भूलसुधार सच्याइएको छ ।

तपशिल

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | ल.ई.रकम रु. (भ्याट बाहेक) | शिलबन्दी दरभाउपत्र जमानत रकम रु. (भ्याट सहितको) | शिलबन्दी दरभाउपत्र दस्तुर | खरिद प्रकिया |
|---|---|---|---|---|---|---|
| १ | BM/MOR/G/SQ-03 – 2076/077 | Electronic Goods (१५ थान कम्प्युटर, ६ थान प्रिन्टर, १ थान सर्भर कम्प्युटर) | १४,९९,५००।०० | ५०८००।०० | १००० | शिलबन्दी दरभाउपत्र |

०७६।०७।०८

प्रमुख प्रसाशकिय अधिकृत

प्रदिप शाह
प्रमुख प्रशासकीय अधिकृत